# दशरथचन्द नगरपालिका

# स्थानीय राजपत्र

**दशरथचन्द नगरपालिका द्धारा प्रकाशित सुचना**

बैतडी जिल्ला सुदूरपश्चिम प्रदेश , नेपाल

भाग -२ बर्ष : ९ अंक १ २०८२ माघ १ शुक्रबार

**नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०८२/९/२९ मा स्वीकृत भएको** दशरथचन्द नगरपालिकाको नगरस्तरिय कृषि कार्यक्रम संचालन कार्यक्रम कार्यविधि ,२०८२ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ

**प्रस्तावनाः**

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व ब्रिदी,खाध्य तथा पोषण सुरक्षा अभिब्रिदी,पुर्वाधार विकास आधुनिकिकरण एंव व्यावसायिकरण र उत्पादन लक्षित लगानि वृर्दि गर्न यस दशरथचन्द नगरपालिकाका नगरस्तरिय कृषि कार्यक्रमको कार्यान्वयनलाइ व्यवस्थित, पारदर्शि ,प्रभावकारी, अनुमान योग्य तथा प्रतिफलमा आधारित वनाउन आर्थिक कार्यविधि नियमित र ब्यबस्थित गर्न दशरथचन्द नगरपालिकाले यो कार्यविधि वनाइ मिति २०८२/०९/२९ को नगर सभाले पारित गरि यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधि को नाम **नगरस्तरिय कृषि कार्यक्रम संचालन कार्यक्रम कार्यविधि ,२०८२** रहेको छ।

२) यो कार्यविधि नगरकार्यपालिकाले स्विकृत गरेको मितिदेखि लागू हुनेछ।

दशरथचन्द नगरपालिका राजपत्र

**३) परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) **अनुदान** भन्नाले स्थानिय सरकारवाट विनियोजित वजेट अनुसारको स्विकृत कार्यक्रम वमोजिम कृषि क्षेत्रको उत्पादन, प्रसोधन, मुल्य अभिवृर्दि, वजारिकरण, पुर्वाधार निर्माण, यान्त्रिकरण, विविधिकरण, व्यावसायिकरण, आधुनिकिकरण, औद्योगिकरण, तथा गरिवि निवारणसँग सम्वन्धित कार्यक्रम संचालनका लागि छनौट भएका अनुदानग्राहिलाइ प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वितिय उत्तरदायित्व वहन गर्ने गरि प्रदान गरिने आर्थिक सुविधा वस्तुगत सहायता पुर्वाधार विकास वा उपलव्ध गराइने कृषि सामग्री उपकरण तथा अन्य सहायता सम्झनु पर्छ।

ख) **"अनुदानग्राहि"** भन्नाले यस कार्यविधि वमोजिम यस दशरथचन्द नगरपालिकावाट संचालित कार्यक्रम अनुसार प्राप्त गर्ने कृषक,कृषि फर्म,कृषक समुह,सहकारी संस्थाहरुलाइ सम्झनु पर्दछ।

ग) **समुह** भन्नाले कृषि पशुपन्छि सिचाइ कार्य गर्ने गरि कानून वमोजिम सम्वन्धित निकायमा दर्ता भएको उपभोक्ता सम्झनुपर्दछ।

घ) **कम्पनि** भन्नाले कृषि पशुपन्छि व्यावसाय गर्ने प्रचलित कानून वमोजिम दर्ता भएका प्राइभेट वा कम्पनि लाइ सम्झनुपर्दछ।

ङ) **कार्यक्रम** भन्नाले यस कार्यविधिमा उल्लेख भएका क्रियाकलाप वा कार्यक्रमलाइ सम्झनु पर्दछ।

च) **कार्ययोजना** भन्नाले कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यकता अनुसार सेवाग्राहिले पेश गरेको विस्तृत क्रियाकलाप,लागत अनुमान,समयावधि,अपेक्षित उपलव्धि र जिम्मेवार पक्ष सहितको विवरणलाइ सम्झनुपर्दछ।

छ) **कृषि उपज** भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरि उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रसोधन गरीएका खाध्यान वालि,फलफुल,तरकारी,मसलावाली,पुष्प,पशुपन्छि,च्याउ,मौरी,रेशम,चिया,कफि,अलैचि,तेलहन,दलहन, कपास,जुट,उखु आदि कृषिका सवै उप क्षेत्रसंग सम्वन्धित उत्पादन सम्झनुपर्दछ र सो शव्दले औधोगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाइ सम्झनुपर्दछ।

ज) **कृषक समुह** भन्नाले कृषि पेशामा संलग्न भइ साझा आवश्यकता र चाहाना भएका व्यक्तिहरु मिलेर सामुहिक रुपमा कृषि क्षेत्रमा काम गर्ने गरि स्थापना भइ आधिकारिक निकायमा दर्ता भएको संस्थालाइ सम्झनुपर्दछ।

झ) **फर्म** भन्नाले प्रचलित कानून अनुसार सम्वन्धित निकायमा दर्ता भएको निजि क्षेत्रका व्यावसायि उध्यमिको संस्थालाइ सम्झनुपर्दछ।

ञ) **मन्त्रालय** भन्नाले सुदुरपश्चिम प्रदेशको भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाइ सम्झनु पर्दछ।

ट) **समिति** भन्नाले यस कार्यविधि अनुसार गठित भएका कार्यक्रम ब्यबस्थापन समितिलाइ सम्झनु पर्दछ।

ठ) **सहकारी** भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका कृषि पशुपन्छि सम्वन्धि कार्य गर्ने सहकारी संस्थालाइ सम्झनु पर्दछ र सो शव्दले कृषि कार्य समेत उदेश्य रहेको वहुउदेश्यीय सहकारी संस्थालाइ सम्झनु पर्दछ ।

दशरथचन्द नगरपालिका राजपत्र

**परिच्छेद- २**

**ब्यबस्थापकीय पक्ष**

**४) अनुदान उपलब्ध गराउन सक्ने : क)** नगरपालिकाले स्वीकृत नगर स्तारिय कार्यक्रम यस कार्यविधिको परिच्छेद-३ मा उल्लेखित कार्यक्रमहरुको उदेश्य प्रमुख क्रियाकलापहरु र न्यूनतम मापदण्ड अनुसार कार्यक्रम संचालन गर्न र अनुदान उपलब्ध गराउन सक्ने छ।

**ख) तालिम, भ्रमण, गोष्ठी, अनुगमन लगाएतका प्राबिधिक तथा प्रशाशकिय क्रियाकलाप गर्न सकिने :** विभिन्न कार्यक्रम बालि सम्प्रक्षण, माटो सुधार, तालिम, गोष्ठी, अनुगमन जस्ता क्रियाकलापहरु संचालन गर्न सकिने छ र सो क्रियाकलापहरुमा कार्यक्रमको विनियोजित कुल बजेटको बढीमा ५ % सम्म खर्च गर्न सकिनेछ

**५) कार्यक्रम ब्यबस्थापन समिति :** नगर स्तरिय कार्यक्रम संचालन गर्नकालागि देहाय बमोजिमको कार्यक्रम ब्यबस्थापन समिति रहने छ।

**क**) आर्थिक विकास समिति संयोजक संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

घ) जिन्सि शाखा प्रमुख सदस्य

ङ) पशुसेवा शाखा प्रमुख सदस्य

च) कृषि विकास शाखा प्रमुख सदस्य सचिव

**६) माग संकलन : क)** नगरपालिकाको कृषि विकास शाखाले यस कार्यविधि बमोजिमका नगर स्तारिय कार्यक्रममा सहाभागी हुन कृषकहरुबाट माग संकलन गर्न अनुसूची १ बमोजिम कम्तिमा १५ दिने सार्बजनिक सूचना प्रकाशन गर्नेछ

**ख)** यस कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड पुरा गर्ने गरि ईच्छुक निवेदकहरुले अनुसूची २ बमोजिम प्रस्ताब पेश गर्नु पर्ने छ

**७) लाभग्राही छनौट : क)** कार्यक्रम ब्यबस्थापन समितिबाट निर्धारित छनौट मापदण्ड अनुसार कृषि विकास शाखामा कार्यरत प्राबिधिक कर्मचारीको अनुगमन रिपोर्ट अनुसार कार्यक्रम ब्यबस्थापन समितिले छनौट गर्ने छ

**८) अनुदान प्रबाह : क)** छनौट भएका लाभग्राहीहरुले संचालन गर्नु पर्ने क्रियाकलाप सोको समय सारिणी एबम पालन गर्नु पर्ने सर्त तथा अनुदान रकम तथा भुक्तानीको बिधि उल्लेख गरि नगरपालिकाले अनुसूची ३ अनुसार लाभग्राहीसंग सम्झौता गर्ने छ

**९) कार्यक्रम ब्यबस्थापन समितिको काम कर्तब्य र अधिकार :** कार्यक्रम ब्यबस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहने छ

दशरथचन्द नगरपालिका राजपत्र

**क)** मुल्यांकन तथा लाभग्राही छनौटका आधारहरु तय गर्ने

ख़) प्राप्त निबेदनको स्थल्गत अनुगमन गर्न उपसमिति गठन गर्ने

ग) प्राप्त एस्थलगत अनुगमन रिपोर्ट बमोजिम लाभग्राही छनौट गर्ने

घ) छनौट भएका लाभग्राहीलाइ उपलब्ध गराइने अनुदान रकम एकिन गर्ने र सम्झौताका लागि सिफारिस गर्ने

**१०) अनुदानको भुक्तानी : क)** अनुदान रकम सोझै लाभग्राहीको बैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ

**ख)** अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुने छ  कार्यक्रमको प्रकृति अनुसार नगरपालिकाको जिम्मेबार प्राविधिकले स्थलगत निरीक्षण तथा नगर अनुगमन समितिले अनुगमन गरि तयार परेको कार्य सम्पन्न प्रतिबेदनको आधारमा लाभग्राहीलाइ अन्तिम भुक्तानी दिइनेछ

**१०) कार्यक्रमको अनुगमन मुल्यांकन तथा प्रतिबेदन :** नगर स्तरिय कृषि कार्यक्रमको अनुगमन तथा मुल्यांकन नगर स्तरिय अनुगमन समितिद्वारा गरिने छ तथा कार्यक्रमको कार्य सम्पन प्रतिबेदन नगरपालिका कृषि विकास शाखाले तयार पर्ने छ

## परिच्छेद ३

## नगर स्तरिय कृषि कार्यक्रमहरु र संचालनका प्राबिधिक पक्ष :

क) **कृषिमा लाग्ने रोग किरा नियन्त्रण कार्यक्रमः** यस कार्यक्रमको उदेश्य बालिलाइ सुरक्षित राख्ने उत्पादन वढाउने र किसानको खर्च घटाउने हो । यस अन्तरगत रोगकिराको पहिचान, सुरक्षित किटनाशक विषादिको प्रशिक्षण, वालि अनुसार सिफारीस किटनाशक उपाय जानकारि दिने, स्वस्थ विउ, गहिरो जोताइ, संक्रमित वोट विरुवा नष्ट गर्ने, मलखाद सन्तुलित ढंगले प्रयोग गर्ने, वालि उपचार शिविर संचालन गर्ने, किटनाशक तथा ढुसिनाशक विषादि खरिद गर्ने आदि काम गर्ने ।

ख) **कृषी मा हातेट्र्याक्टर सहयोग अनुदान कार्यक्रमः** नेपालमा कृषि यान्त्रिकरण प्रबर्द्धनका लागि हाते ट्र्याक्टर को अनुदान कार्यक्रम संचालन भइरहेको छ । यस कार्यक्रम अन्तरगत दशरथचन्द नगरपालिकाले ५० प्रतिशत कृषक लागत साझेदारी र ५० प्रतिशत कार्यालयवाट अनुदान मा हाते ट्र्याक्टर वितरण गर्ने भएको छ । यस कार्यक्रमका मुख्य शर्तहरुमाः

१. कृषिमा व्यावसायिक रुपमा सक्रिय हुनु पर्नेछ ।

२. पहिला कहि कतैवाट अनुदान नपाएको हुनु पर्नेछ ।

३. सम्वन्धित स्थानिय तहमा निवेदन पेश गरेको हुनुपर्नेछ।

४. यस कार्यक्रममा एकल महिला, महिला कृषक, विपन्न वर्ग तथा विदेशवाट फर्किएका वेरोजगार युवाहरुलाइ प्राथमिकता दिइने छ ।

५. कृषि विकास शाखाले प्राविधिकरुपमा अनुगमन तथा मुल्यांकन पश्चात छनौट समितिले अनुदानग्राहीलाइ छनौट गर्नेछ।

६. छनौट भएपश्चात उपकरण खरिद तथा अनुदान प्रक्रिया पुरा हुनुपर्दछ।

दशरथचन्द नगरपालिका राजपत्र

७. यस कार्यक्रममा कृषकहरुको लागत साझेदारी स्थानिय तहले तोके अनुसार हुनेछ र सोहि अनुसार कामको द्रिपक्षीय सम्झौता हुनेछ र त्यसैकै आधारमा कृषकलाइ अनुदान दिइनेछ।

ग) **तरकारी खेतिका लागि पोलिहाउस अनुदान वितरण कार्यक्रमः** यस कार्यक्रम अन्तरगत यस दशरथचन्द नगरपालिकाले ९० GSM तथा १२० GSM का ६/१२ वा ५/१० का प्लाष्ट्रिक टनेल ५० प्रतिशत अनुदानमा वितरण गर्नेछ। यस कार्यक्रम अन्तरगत **लक्षित समुहहरुमाः** व्यावसायिक तरकारी किसान,महिला युवा वा विपन्न किसान,कृषक समुह वा सहकारीहरुलाइ प्राथमिकता दिइनेछ।यसका लागि स्थानिय तहको कृषि विकास शाखाले सुचना जारी गर्नेछ र **यस सुचनामा** हुनुपर्ने कुराहरुमाः पोलिहाउसको आकार, अनुदान दर, आवेदन फाराम कहा पाउने आवश्यक कागजात, अन्तिम मिति, आवश्यक मापदण्डका वारे जानकारी दिनेछ। यस कार्यक्रममा छनौट **समितिले हेर्ने कुराहरुमाः** किसानको वास्तिकता उत्पादन क्षमता,तरकारी खेतिमा निरन्तर संलग्नता, सिचाइको सुविधा,उपयुक्त जग्था तथा स्थान आदि कुराहरु हेरिन्छन। अन्तिममा मापदण्ड पुगेका **कृषकवर्गहरुलाइ छनौट समिती प्वान्ट सिस्टम वनाएर छनौट गर्नेछ र छनौट भएका कृषकहरुको नामवलि सुचना मार्फत प्रकाशित गरिनेछ** र त्यसैगरी द्धिपक्षिय सम्झैता गरि काम संचालन गर्नेछन।

घ) **थलालगाँउमा स्थानिय प्याज उत्पादन अनुदानः** यस दशरथचन्द नगरपालिकाको थलालगाउमा स्थानिय स्तरमा प्याज उत्पादनमा बृदी तथा किसानहरुलाइ प्याज खेतितर्फ आकर्षित गर्ने उदेश्यले **२०० रोपनिमा प्याज खेति गर्ने** र **विनियोजित वजेटको २५ प्रतिशत जति क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।** यसमा कृषकहरुले कम्तिमा **२ रोपनिमा खेति गर्नुपर्ने र प्रतिरोपनि रु १०००।का दरले प्रदेशको उत्पादनमा आधारित अनुदान कार्यविधि अनुसार उत्पादन तथा खेति गरेको आधारमा सोझै कृषकको वैक खाता मार्फत भुक्तानि गरिनेछ।**

**नोटः यस कार्यक्रममा भनेअनुसार थलालगाउमा मात्रै खेति गरीएको क्षेत्रफल नपुगेको अवस्थामा दशरथचन्द नगरपालिकाका बाकि वडा तथा ठाउहरुमा पनी यो कार्यक्रम संचालन गर्न सकिनेछ।**

ङ) **माटोको नमुना तथा घुम्ति शिविर संचालन कार्यक्रमः** यस कार्यक्रमको उदेश्य किसानको खेत वा वारीको माटोको उर्वरताको अवस्था पहिचान गर्ने, उपयुक्त मल सिचाइ उत्पादनको व्यवस्थापन सिफारिस गर्ने,माटो परिक्षण को आधारमा उत्पादन बृदी र लागत घटाउने रहेको छ। यो कार्यक्रम यस दशरथचन्द नगरपालिका कृषि विकास शाखाले शिविर संचालन गर्ने स्थान वडा वा टोल निर्धारण मिति, समय र स्थान तथा लक्षित कृषक संख्या तेक्नेछ जस्तै ५० देखि ६० जना, नमुना संख्या १०० हुनेछ र यो आवश्यक अनुसार विभिन्न वडाहरुमा संचालन हुनेछ । यस कार्यक्रमका लागि टोलि गठन हुनेछन जस्तै कृषि प्राविधिक १-2जना सुचना व्यवस्थापक १जना नमुना संकलनकर्ता २देखि३जनासम्म तथा स्थानिय कृषक समुहहरु हुनेछन।यसका लागि स्थानिय FM तथा सम्वन्धित वडाहरूमा सुचना प्रसार गरिनेछ जस्तो माटोको नमुना लिने तरिका आदि।

दशरथचन्द नगरपालिका राजपत्र

## नगरस्तरिय कृषि कार्यक्रम सन्चालन कार्यक्रम कार्यविधि ,२०८२

| क्र.स | कार्यक्रमको नाम | मापदण्ड | संचालन गर्नुपर्ने क्रियाकलाप | अनुदान सिमा रकम प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | कृषिमा लाग्ने रोग किरा नियन्त्रण कार्यक्रम | **प्राविधिक मापदण्ड:**जैविक किटनाशक विषादि, ट्राइकोड्र्मा तथा कम जोखिमका किट नाशक तथा ढुसिनाशक विषादिहरु **लाभग्राहि छनौट मापदण्ड:**महिला,दलित ,जनजाति ,विपन्न,किसान रोगकिरा वढि प्रधावित क्षेत्र समुह। | -रोगकिरा पहिचान तालिम,विषादि सुरक्षित प्रयोग तालिम,ट्र्याप प्रयोग गर्न लगाउने,वालि उपचार शिविर संचालन गर्ने, प्रचारप्रसार गर्ने -किटनाशक,ढुसिनाशक तथा जैविक विषादि खरिद तथा सामग्रि वितरण गर्न सक्ने छ ।-अन्तिममा अनुगमन तथा मुल्यांकन गर्ने । | -१००%विनियोजित वजेट कार्यक्रमको परिधिभित्र रहेर कार्यक्रम संचालन गर्ने। |
| २ | कृषिमा हाते ट्र्याक्टर सहयोग अनुदान कार्यक्रम | -व्यावसायिक कृषक,दर्ता भएको कृषि उद्धमि कृषक समुह,कृषि सहकारी मा संलग्न हुनुपर्ने।-साना कृषि मेसनरी औजार उपकरण अन्तरगत रु ५०हजार देखि १लाख ५०हजार मुल्य वरावरको कृषिऔजार उपकरणहरु हुनुपर्नेछ। | -साना कृषि मेसिनरि औजार उपकरण वितरण गर्ने। -कार्यालयले कार्यक्रम को प्रभावकारी अध्ययन गर्नका लागि समय समयमा अनुगमन गर्नेछ। | -साना कृषि मेसिनरि औजार उपकरणहरुमा ५०प्रतिशत सम्म अनुदान दिन सकिनेछ। -एकै प्रकृतिका यन्त्र उपकरणको भुक्तानिमा एकरुपता कायम गर्ने सम्वन्धि कार्यालयले अनुदानको अधिकतम सिमा तोक्नसक्नेछ। |
| ३ | तरकारी खेतिका लागि पोलिहाउस अनुदान वितरण कार्यक्रम | **किसान छनोट मापदण्ड:**दर्ता भएका कृषक समुहहरु, व्यावसायिक कृषकहरु, न्युनतम जग्गा भएको कम्तिमा ५रोपनि जमिनमा तरकारी खेति गरिएको ,दलित,महिला,विपन्न,युवा लक्षित कृषकहरुलाइ प्राथमिकता दिइनेछ। | -सुचना प्रकाशन आवेदन संकलन गर्ने,जग्गा निरिक्षण गरि अनुगमन तथा मुल्यांकन फारम भर्ने र प्राथमिकताअनुसार छनौटका मापदण्ड पुरा गर्ने। -तालिम तथा क्षमता विकास जस्तै तरकारी उत्पालन तालिम,रोगकिरा,मल | -अनुदानको मात्रा ५० %सम्म दिनसकिने छ। |

दशरथचन्द नगरपालिका राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्थापन,वजार व्यवस्थापन तालिक संचालन गर्ने र - पोलिहाउस निर्माण प्रक्रियामा सहयोग गर्ने पोलिहाउस निर्माण सम्पन्न भएपश्चात प्राविधिक निरिक्षण गरि फोटो सहितका प्रमाणहरु राखि अनुदान वितरण रकम कृषकको वैक खातामा भुक्तानि गर्ने । | |
| ४ | थलालगाँउमा स्थानिय प्याज उत्पादन अनुदान | -स्थानिय तहमा दर्ताभएका कृषक,कृषक समुह, कृषि फर्म तथा कृषि सहकारीहरुले प्याज खेतिका लागि न्युनतम २रोपनीमा खेति गरिएको हुनुपर्नेछ। -महिला,दलित ,विपन्न,युवा कृषकहरु तथा समुहमा खेति गर्नेलाइ प्राथमिकता दिइने छ। -उत्पादन क्षेत्र २००रोपनि एकै कलष्टर हुनुपर्ने यदि त्यो क्षेत्रफल नपुग्ने अवस्था भएमा अन्य क्षेत्रहरुलाइ पनि समेट्न सकिनेछ।एक कृषकले अधिकतम १०रोपनि अनुदान पाउने छ तर समुहको हकका वढी रहनेछ। | -सुचना प्रकाशन क्षेत्र मापदण्ड अनुदान प्रतिशत तोकेर गर्ने । -कलष्टरमा खेतिका सम्भावना क्षेत्र पहिचान सिचाइ जग्गा पुष्टि को स्थलगत निरिक्षण गरी मुल्यांकन फारम भर्ने । | भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको उत्पादनमा आधारिक अनुदान कार्यक्रम अनुसार खेति तथा उत्पादनका आधारमा कम्तिमा २रोपनिमा खेति गरिएको हुनुपर्नेछ र प्रतिरोपनि रु१०००का दरले कृषकको वैक खातामा सोझै भुक्तानि गरिनेछ। |
| ५ | माटोको नमुना तथा घुम्ति शिविर संचालन कार्यक्रम | -कार्यालयले प्रादेशिक मल तथा माटो परिक्षण प्रयोगशालाको सम्वन्धमा शिविर संचालन गर्नुपर्ने। | -कार्यालयले माटो परिक्षण शिविर संचालन गर्न आवश्यक रहेका स्थानहरु | -कार्यालयको प्रति शिविर कम्तिमा १०० वटा माटोका नमुना परिक्षणका लागि |

दशरथचन्द नगरपालिका राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | -माटो परिक्षण शिविर संचालन गर्ने स्थान सरोकारवालाको माग र प्राविधिक सम्भायताका आधार मा छनौट हुने। | पहिचान गरि पठाउने सवै वडा कार्यालयहरुलाइ पत्राचार गर्ने।<br>-माटो परिक्षण शिविर संचालन गर्न माग भएका शिविर संचालन स्थानहरु मध्य वजेट सिमितता र आवश्यकताका आधारमा कार्यालयले शिविर संचालन स्थान छनौट गर्ने।<br>-छनौट भएका स्थानमा शिविर संचालन हुने जानकारीको व्यापक प्रचारप्रसार गरि दिने कार्यालयले सम्वन्धित कृषकलाइ अनुरोध गर्ने।<br>-कृषकहरुलाइ सम्वन्धित पालिका मार्फत माटो शिविर संचालन माग संकलन गर्ने।<br>-कार्यालयको माटो परिक्षण शिविर संचालन गर्ने आवश्यक पर्ने रसायन उपकरणहरु र प्राविधिक सेवा उपलव्ध गराउने ।<br>-माटोको नमुना जाँचको रिपोट सुझाव सहित कृषकलाइ उपलव्ध गराउनु पर्ने। | आवश्यक रिएजेन्ट तथा सामग्री खरिद स्टिमेट अनुसार खर्च गर्ने। -कार्यालयले माटो शिविर संचालन गर्न आउने तथा सहयोग गर्न कर्मचारीहरुलाइ नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायात खर्च ब्यबस्था  गर्न सकिनेछ। |

दशरथचन्द नगरपालिका राजपत्र

# अनुसूची १

## प्रश्ताब पेश गर्ने सम्बन्धित सुचना

## प्रथम पटक सूचना प्रकाशित मिति

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको बार्षिक स्वीकृत..............................................कार्यक्रम संचालन गर्नुपर्ने भएकाले दशरथचन्द नगरपालिका भित्रका कृषक, कृषि फर्म, कृषक समुह, कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र अर्थात मिति ................................गते भित्र तपशिलका कागजपत्र अनिबार्य रुपमा संलग्न राखी दशरथचन्द नगरपालिका कृषि विकास शाखामा प्रस्ताब पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताबहरु माथि कुनै कारबाही नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गरिन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | बजेट (रु. लाखमा) | संचालन गरिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | अनुदान सिमा | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

तपशिल :

प्रमुख प्रशासकीय अधिकृत

- रु.१० को टिकट सहित कार्यक्रमको प्रस्ताब फारम
- सस्था दर्ता, नबिकरण र करचुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- कृषक समुह/सहकारी सस्थाको हकमा समुह बैठक निर्णयको प्रतिलिपि
- स्थाई लेखा नं.प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनि पुर्जाको प्रतिलिपि वा जग्गा कर तिरेको पुर्जाको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस

दशरथचन्द नगरपालिका राजपत्र

अनुसूची २

निबेदनको ढाचा

मिति : ......................

श्री............................................

.................................................................

बिषय :.............................................................................. ।

प्रस्तुत बिषय सम्बन्धमा यस दशरथचन्द नगरपालिकाको मिति.............................. को सूचना अनुसार म यस दशरथचन्द नगरपालिका वडा नं. ........... मा बस्ने श्री .............................................................लाइ..................................................................................... ...कार्यक्रममा समाबेश गराईदिनुहुन अनुरोध छ।

दस्तखत :

नाम थर :

पद :

सम्पर्क नं. :

ठेगान :

छाप :

निबेदन साथ संलग्न कागजातहरु :

दशरथचन्द नगरपालिका राजपत्र

## अनुसूची ३

## सम्झौता पत्र

यो सम्झौता पत्र दशरथचन्द नगरपालिका स्थानिय तह (यस पछि पहिलो पक्ष भनिएको) र ............................................................ कृषि फर्म/उधमी कृषक दशरथचन्द गा.पा./न.पा...........वडा नं.................. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपशिलको सर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गर्दछौ ।

यो सम्झौता भयको मिति.................................देखि प्रारम्भ भयको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/एश्ती ईष्टिमेट बमोजिमको कार्य यथासिघ्र संचालनमा गरि मिति...................साल...............महिना.........गतेसम्म सम्पन्न गरेर आबश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको ............................................................कार्यक्रम संचालन सम्बन्धित सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा सस्था मार्फत गराउन पाइने छैन ।
२. सम्झौता बमोजिमको कार्यसंचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. ................... (अक्षेरुपि रु. ....... ............ .......... ) दिईनेछ ।
३. दोस्रो पक्षले सम्झौता बमोजिमको ................................................ कार्यक्रम अन्तरगत......................................... ब्यबसाय/उधम संचालन गर्नका लागि सम्झौतामा समाबेस गरियको श्रोत बाहेक अन्य कुनै सरकारी, गैर सरकारी संघ सस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
४. दोस्रो पक्षको सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खाटियका प्राबिधिकहरुले दियको निर्देशनको पालना गर्नुपर्ने छ ।
५. दोस्रो पक्षले .................................. कार्यक्रम अन्तरगत..................................... उत्पादन ब्यबसाय संचालन सम्बन्धित कार्यको सार्बजनिक जानकारी गराउनु पर्ने छ ।
६. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानीनोक्सानी भयमा त्यसको सम्पूर्ण जिम्मेबारी दोस्रो पक्षले लिने छ ।
७. सम्झौता बमोजिमको कार्य सम्पन्न गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथम पक्षको निर्णय अन्तिम निर्णय मानिनेछ ।

८. भुक्तानी हुने खाता नं.
   नाम
   बैकको नाम
९. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

दशरथचन्द नगरपालिका

**पहिलो पक्ष :**

दस्तखत

नाम

पद

ठेगाना

मिति

कार्यालयको छाप

**रोहबर**

दस्तखत

नाम

पद

मिति

**दोस्रो पक्ष :**

दस्तखत

नाम

पद

मिति

सस्थाको छाप

दस्तखत

ठेगाना

मिति

मिति : साल............... महिना ................. गते

आज्ञाले

केशव राज सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

दशरथचन्द नगरपालिका राजपत्र